नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बैतडी

# लागु औषध नियन्त्रण कार्ययोजना, २०७६

# बैतडी

## १- परिचय(Introduction):

गृह प्रशासन सुधार मार्गचित्र, २०७४ मा उल्लेखीत लागु औषध नियन्त्रण सम्बन्धी निम्न ३ बुँदाहरु यस कार्य योजनाको लागि मार्ग दर्शनका रुपमा रहने छन् ।

१- मादक पदार्थ बिक्रि बितरण अनुमती प्रदान गर्ने सम्बन्धीत निकाय संग समन्वय गरी मादकपदार्थ बेच बिखन गर्ने स्थान, समय, खरिदकर्ताको उमेर आदी कुराहरुको उपयुक्त व्यवस्था गरिने छ । साथै प्रतिबन्धित तथा चिकित्सकको प्रिस्किप्सनमा मात्र बिक्रिबितण गर्न पाइने लागु औषधीहरुको दुरुपयोग हुन नदिन सम्बन्धित निकायहरु संग समन्वय र सहकार्य गरिने छ ।

२- लागु औषधको प्रयोग घटाउन सचेतना लगायतका विभिन्न कार्यक्रम स्थानीय तहसम्म संचालन गरिने छ । लागु औषधको दुर्व्यसनमा परेकाहरुको उपचार तथा पुनस्थापनाका लागि समुदाय र गैर सरकारी संख्याहरुको साझेदारीमा पुनस्थापना केन्द्रहरुको स्थापना गरी संचालनमा ल्याइनेछ ।

३- सीमा क्षेत्रमा हुने लागु औषधको अबैध कारोबार र द्रुव्यसनलाई नियन्त्रण गर्न विषेश कार्यक्रम संचालन गरिने छ ।

बैतडी जिल्ला लागु औषध उपयोग गर्ने, खपत गर्ने र कारोबार गर्ने जिल्लाको रुपमा रहेको छैन। तथापी, जिल्लाका केही क्षेत्रमा गाँजा खेती परम्परागत र केही सार्वजनीक रुपमा हुने गरेको प्रारम्भिक जानकारीमा रहेको छ । गाँजाको प्रयोग यदा कदा आफ्नो शहरी नातेदारको लागि समेत उपहारको गरेको अवस्था छ । यस जिल्लाको सन्दर्भमा निम्न बिषयमा लागु पदार्थ सम्बन्धी जानकारी रहेका छन् ।

क) नेपाल सरकार, गृह मन्त्रालय लागु औषध नियन्त्रण शाखाको जिल्लागत रिपोट प्रतिवेदनमा लागु औषध प्रयोगकर्ता १ जना रहेको उल्लेख छ । यस जिल्लामा पुनस्थापना केन्द्र नरहेको, उपचार केन्द्र पनि छैन र तालिम केन्द्र पनि शुन्य रहेको छ ।

ख) जिल्ला प्रहरी कार्यालय बैतडीको अभिलेख बमोजिम १ जनालाई लागु औषध प्रयोग गरेकोमा मुद्दा चलाएको अवस्था थियो । तर सो व्यक्ति लागु पदार्थ प्रयोगकर्ताको हिसाबले नगन्य दुरुपयोगकर्ता देखीएको हुनाले अदालतवाट छुटिसकेको अवस्था छ ।

ग) जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयको संयुक्त पहलमा गत बर्ष खोड्पे क्षेत्रमा १००० वोट जती गाँजाका वोट नस्ट गरेको अवस्था छ ।

घ) जिल्लाको खोड्पे क्षेत्रमा प्राकृतिक रुपमानै गाँजा उम्रने गरेको छ । तर सो क्षेत्रमा गाँजाको खेती गरेको जस्तो प्रशस्त वोटहरु भेटिने गरेका छन् ।

ङ) गाँजाका उपभोगकर्ता र बेच बिखनकर्ता संग सोधपुछ गर्दा बैतडी जिल्लाको सीमाना जोडीएको क्षेत्रका भएका व्यक्तिहरु रहेको खुल्न आएको छ ।

प्रमुख जिल्ला अधिकारी

## २- लागु पदार्थ नियन्त्रणका बिषयहरु( Subject related to Drug abuse control) :

क) लागु पदार्थ बिक्रि बितरण ओसार पसार र दुरुपयोग नियन्त्रण गर्न सकिने ।

ख) लागु पदार्थ सम्बन्धी अभिलेख राखिने ।

ग) बरामद भएको लागु औषध नष्ट गर्ने गराउने ।

घ) जिल्ला स्तरमा लागु पदार्थ सम्बन्धी गोष्ठी सेमिनार गर्न सकिने ।

ङ) सबै मा.बि. र उ.मा.बि. हरुमा सचेतनामूलक अभियान संचालन गर्न सकिने ।

च) लागु औषध नियन्त्रण शाखा गृह मन्त्रालयबाट प्राप्त निर्देशनहरु कार्यान्वयन गरिने ।

छ) गैर सरकारी संस्था संग सहकार्य गर्न सकिने ।

ज) नागरिक समाज संग साझेदारीमा लागु औषध नियन्त्रण गरिने ।

झ) सामुदायीक प्रहरी साझेदारी कार्यक्रम मार्फत स्थानीय तहमा व्यापकरुपमा लागु औषध नियन्त्रण सम्बन्धी चेतनामूलक र प्रवर्धनात्मक कार्यक्रम संचालन गरिने ।

ञ) लागु औषध प्रयोगकर्ताको अभिलेख राख्ने ।

ट) लागु औषध सम्बन्धी विवरणहरु संकलन गरिने ।

ठ) झुलाघाट क्षेत्रबाट भित्रिन सक्ने लागु औषध नियन्त्रणका लागि विशेष निगरानी गरिने ।

ड) मादक पर्दाथको जथाभावी सेवनलाई निरुत्साहित गर्न स्थानीयतहहरु संग सहकार्य गरिने छ ।

ढ) मादक पदार्थ बिक्रिबितरणलाई नियन्त्रण र नियमन गर्न स्थानीयतह र घरेलु तथा साना उद्योग विकास समिति संग सहकार्य गरिने छ ।

## ३- कार्य योजना (action plan)

मादक पर्दाथ एक मुख्य शान्ति सुरक्षा चुनौतीको बिषय रहिआएको छ । यस जिल्लामा रहेको गाँजा खेती पररम्परागतरुपमा अचार खाने प्रयोजनको लागि र जिव जन्तु बिरामीहुँदा औषधीको रुपमा खुवाउने प्रयोजनमा सिमित छ । तथापी गाँजा व्यक्तिगत स्तरमा बिक्रि बितरण गरेको अवस्था पनि विद्यमान छ । प्रतिबन्धीत औषधीको दुरुपयोग उल्लेख्य नभएको अवस्थामा पनि नियन्त्रणका लागि निम्न अनुसार कार्य योजना बनाइएको छ ।

| सि.नं. | क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगि निकाय | समय | स्रोत | अनुगमन मुल्यांकन | अपेक्षित नतिजा | अभिलेख |
|---|---|---|---|---|---|---|---|---|
| १ | लागु पदार्थ बिक्रि बितरण ओसार पसार र दुरुपयोग नियन्त्रण गर्न सकिने | १०वटा (न.पा.४ र गा.पा.६) स्थानीय तहहरु | जिल्ला प्रहरी कार्यालय | बर्षै भरि निरन्तर | लागु औषध नियन्त्रण शाखा गृह मन्त्रालयबाट प्राप्त भएमा | उपाध्याक्ष/उप प्रमुख, जिल्ला प्रशासन कार्यालय, मिडिया | लागु पदार्थ उपभोगमा कमि आउने । गाँजा खेती भएको क्षेत्रमा कमी आउने छ। | प्रतिवेदन र कार्यक्रमको टिपोट |
| २ | लागु पदार्थ सम्बन्धी अभिलेख राखिने । | जिल्ला प्रहरी कार्यालय र अन्तरगतका चौकीहरु | जिल्ला प्रशासन कार्यालय | बर्षै भरि निरन्तर | लागु औषध नियन्त्रण शाखा गृह मन्त्रालयबाट प्राप्त भएमा | जिल्ला प्रशासन कार्यालय | लागु पदार्थ उपभोगमा कमि आउने । गाँजा खेती भएको क्षेत्रमा कमी आउने | प्रतिवेदन र कार्यक्रमको टिपोट |

गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | छ। | |
| ३ | बरामद भएको लागु औषध नष्ट गर्ने गराउने । | जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय | जिल्ला स्वास्थ्य कार्यालय | बर्ष भरि निरन्तर | लागु औषध नियन्त्रण शाखा गृह मन्त्रालयबाट प्राप्त भएमा | जिल्ला प्रशासन कार्यालय | लागु पदार्थ उपभोगमा कमि आउने । गाँजा खेती भएको क्षेत्रमा कमी आउने छ। | प्रतिवेदन र कार्यक्रमको टिपोट |
| ४ | जिल्ला स्तरमा लागु पदार्थ सम्बन्धी गोष्ठी सेमिनार गर्न सकिने । | जिल्ला प्रशासन कार्यालय | जिल्ला प्रहरी कार्यालय | बर्ष भरि निरन्तर | लागु औषध नियन्त्रण शाखा गृह मन्त्रालयबाट प्राप्त भएमा | लागु औषध नियन्त्रण शाखा गृह मन्त्रालय | लागु पदार्थ उपभोगमा कमि आउने । गाँजा खेती भएको क्षेत्रमा कमी आउने छ। | प्रतिवेदन र कार्यक्रमको टिपोट |
| ५ | सबै मा.बि. र उ.मा.बि. हरुमा सचेतनामूलक अभियान संचालन गर्न सकिने । | जिल्ला प्रहरी कार्यालय | जिल्ला प्रहरी कार्यालय र अन्तरगतका चौकीहरु, शिक्षा विकास तथा समन्वय इकाई | बर्ष भरि निरन्तर | लागु औषध नियन्त्रण शाखा गृह मन्त्रालयबाट प्राप्त भएमा | सबै पालिकाहरु | लागु पदार्थ उपभोगमा कमि आउने । गाँजा खेती भएको क्षेत्रमा कमी आउने छ। | प्रतिवेदन र कार्यक्रमको टिपोट |
| ६ | लागु औषध नियन्त्रण शाखा गृह मन्त्रालयबाट प्राप्त निर्देशनहरु कार्यान्वयन गरिने । | जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय | जिल्ला प्रहरी कार्यालय र अन्तरगतका चौकीहरु | बर्ष भरि निरन्तर | लागु औषध नियन्त्रण शाखा गृह मन्त्रालयबाट प्राप्त भएमा | लागु औषध नियन्त्रण शाखा गृह मन्त्रालय | लागु पदार्थ उपभोगमा कमि आउने । गाँजा खेती भएको क्षेत्रमा कमी आउने छ। | प्रतिवेदन र कार्यक्रमको टिपोट |
| ७ | गैर सरकारी संस्था संग सहकार्य गर्न सकिने । | जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय | जिल्ला प्रहरी कार्यालय र अन्तरगतका चौकीहरु | बर्ष भरि निरन्तर | लागु औषध नियन्त्रण शाखा गृह मन्त्रालयबाट प्राप्त भएमा | जिल्ला प्रशासन कार्यालय, गैरसरकारी महासंघ | लागु पदार्थ उपभोगमा कमि आउने । गाँजा खेती भएको क्षेत्रमा कमी आउने छ। | प्रतिवेदन र कार्यक्रमको टिपोट |
| ८ | नागरिक समाज संग साझेदारीमा लागु औषध नियन्त्रण गरिने । | जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय | जिल्ला प्रहरी कार्यालय र अन्तरगतका चौकीहरु | बर्ष भरि निरन्तर | लागु औषध नियन्त्रण शाखा गृह मन्त्रालयबाट प्राप्त भएमा | जिल्ला प्रशासन कार्यालय, गैरसरकारी महासंघ | लागु पदार्थ उपभोगमा कमि आउने । गाँजा खेती भएको क्षेत्रमा कमी आउने छ। | प्रतिवेदन र कार्यक्रमको टिपोट |
| ९ | सामुदायीक प्रहरी साझेदारी कार्यक्रम मार्फत स्थानीय तहमा व्यापकरुपमा लागु औषध नियन्त्रण सम्बन्धी चेतनामूलक र प्रवर्धनात्मक कार्यक्रम संचालन गरिने । | जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय | जिल्ला प्रहरी कार्यालय र अन्तरगतका चौकीहरु | बर्ष भरि निरन्तर | लागु औषध नियन्त्रण शाखा गृह मन्त्रालयबाट प्राप्त भएमा | नागरिक समाज, पत्रकार महासंघ | लागु पदार्थ उपभोगमा कमि आउने । गाँजा खेती भएको क्षेत्रमा कमी आउने छ। | प्रतिवेदन र कार्यक्रमको टिपोट |
| १० | लागु औषध प्रयोग कर्ताको अभिलेख राख्ने । | जिल्ला प्रहरी कार्यालय | जिल्ला प्रहरी कार्यालय र अन्तरगतका चौकीहरु | बर्ष भरि निरन्तर | लागु औषध नियन्त्रण शाखा गृह मन्त्रालयबाट प्राप्त भएमा | जिल्ला प्रशासन कार्यालय | लागु पदार्थ उपभोगमा कमि आउने । गाँजा खेती भएको क्षेत्रमा कमी आउने छ। | प्रतिवेदन र कार्यक्रमको टिपोट |
| ११ | लागु औषध सम्बन्धी विवरणहरु संकलन गरिने । | जिल्ला प्रहरी कार्यालय | जिल्ला प्रहरी कार्यालय र अन्तरगतका चौकीहरु | बर्ष भरि निरन्तर | लागु औषध नियन्त्रण शाखा गृह मन्त्रालयबाट प्राप्त भएमा | जिल्ला प्रशासन कार्यालय | लागु पदार्थ उपभोगमा कमि आउने । गाँजा खेती भएको क्षेत्रमा कमी आउने छ। | प्रतिवेदन र कार्यक्रमको टिपोट |
| १२ | झुलाघाट क्षेत्रबाट भित्रिन सक्ने लागु औषध नियन्त्रणका लागि विषेश निगरानी गरिने । | जिल्ला प्रहरी कार्यालय | जिल्ला प्रहरी कार्यालय र अन्तरगतका चौकीहरु | बर्ष भरि निरन्तर | लागु औषध नियन्त्रण शाखा गृह मन्त्रालयबाट प्राप्त भएमा | जिल्ला प्रशासन कार्यालय | लागु पदार्थ उपभोगमा कमि आउने । गाँजा खेती भएको क्षेत्रमा कमी आउने | प्रतिवेदन र कार्यक्रमको टिपोट |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | छ। | |
| १३ | मादकपदार्थको जथाभावी सेवनलाई निरुत्साहित गर्न स्थानीयतहहरु संग सहकार्य गरिने छ । | जिल्ला प्रहरी कार्यालय | जिल्ला प्रहरी कार्यालय र अन्तरगतका चौकीहरु | बर्षे भरि निरन्तर | लागु औषध नियन्त्रण शाखा गृह मन्त्रालयबाट प्राप्त भएमा | जिल्ला प्रशासन कार्यालय, घरेलु तथा साना उद्योग विकास समिति | मादक पदार्थ सेवन गरी हुने कुटपिट र महिला हिंसामा कमि आउने छ। | प्रतिवेदन र कार्यक्रमको टिपोट |
| १४ | मादक पदार्थ बिक्रिलाई नियन्त्रण र नियमन गरिने छ । | स्थानीयतहहरु, घरेलु तथा साना उद्योग विकास समिति | जिल्ला प्रशासन कार्यालय | बर्षे भरि निरन्तर | लागु औषध नियन्त्रण शाखा गृह मन्त्रालयबाट प्राप्त भएमा | जिल्ला स्तरिय शान्ति सुरक्षा समिति, पत्रकार महासंघ | मादक पदार्थ सेवन गरी हुने कुटपिट र महिला हिंसामा कमि आउने छ। | प्रतिवेदन र कार्यक्रमको टिपोट |

## ४- निस्कर्ष (Conclusion):

लागु औषध नियन्त्रण शाखा बाट प्राप्त भएका समयोचित पहल र निर्देशन हरु कार्यान्वयन गरिने छन् । यसमा बिषेश गरि पालिकाहरुको कार्यविधि तथा घरेलु तथा साना उद्योग विकास समितिको सहकार्य पनि उत्तिकै महत्पुर्ण छन् । माथि कार्य योजनामा उल्लख भए बमोजिमका निकायहरुले जिम्मेवारी पुर्वक आफ्नो भुमिका निर्वाह गरेमा कार्ययोजना पूर्णरुपमा लागु भइ जिल्लामा लागु औषध नियन्त्रण हुन जाने विश्वास गर्न सकिन्छ ।

प्रमुख जिल्ला अधिकारी

जिल्ला प्रशासन कार्यालय, बैतडी